संघीय संसद

# राष्ट्रिय सभा

## चौथो अधिवेशन

## बैठक – ७

### सूचना पत्र – २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ वैशाख ३० गते सोमबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको सातौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाज्यूको अध्यक्षतामा विहानको ११:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले सम्वत् २०७६।०१।२७ गते सभा समक्ष प्रस्तुत गर्नुभएको "आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | |
|---|---|
| १. मा. भैरव सुन्दर श्रेष्ठ | २. मा. जितेन्द्र नारायण देव |
| ३. मा. खिम लाल भट्टराई | ४. मा. प्रकाश पन्थ |
| ५. मा. रमेश प्रसाद यादव | ६. मा. खेमराज नेपाली |
| ७. मा. रामचन्द्र राई | ८. मा. रामपृत पासवान |
| ९. मा. कोमल वली | १०. मा. ठगेन्द्र प्रकाश पुरी |
| ११. मा. धन कुमारी खतिवडा | १२. मा. जीवन बुढा |
| १३. मा. डा. विमला राई पौड्याल | १४. मा. नैनकला ओझा |
| १५. मा. तारादेवी भट्ट | १६. मा. विना पोखरेल |
| १७. मा. मुक्ता कुमारी यादव | १८. मा. राम लखन चमार |
| १९. मा. राजकुमार कुँवर | २०. मा. अनिता देवकोटा |
| २१. मा. हरिराम चौधरी | २२. मा. महेश कुमार महरा |
| २३. मा. बलराम प्रसाद बाँस्कोटा | २४. मा. वृषेश चन्द्र लाल |
| २५. मा. रामनारायण विडारी | २६. मा. काली बहादुर मल्ल |
| २७. मा. बद्री प्रसाद पाण्डे | २८. मा. दीनानाथ शर्मा। |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माननीय सदस्यहरूबाट सभामा व्यक्त भएका सुझावहरूलाई संकलन गरी एकीकृत रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयलाई पठाइने व्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् २०७६ वैशाख ३१ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ४:०० बजे आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव